29.01.2025

National News

मुख्य समाचार

- राष्ट्रिय महत्वपूर्ण खनिज मिसनलाई सरकारको स्वीकृति
- दिल्लीमा ट्यांकर माफियाबाट मुक्ति र हरेक घरमा नलको पानी उपलब्ध गराउने श्री मोदीको प्रतिज्ञा
- प्रयागराज महाकुम्भमा श्रद्धालुहरूलाई नजिकैको घाटमा स्नान गर्न मुख्यमन्त्री श्री योगीको अपिल
- दिल्ली चुनाका लागि कांग्रेसको घोषणापत्र सार्वजनिक
- उत्तराखण्डमा जारी राष्ट्रिय खेलकुदमा महाराष्ट्र कुल 4 पदक सहित पहिलो स्थानमा

## राष्ट्रिय महत्वपूर्ण खनिज मिसनलाई सरकारको स्वीकृति

सरकारले 34 हजार करोड रुपैयाँभन्दा बढी बजेटसहित ‘राष्ट्रिय महत्वपूर्ण खनिज मिसन’लाई स्वीकृति दिएको छ। हरित प्रविधिलाई प्रवर्द्धन गर्न आवश्यक महत्वपूर्ण खनिज स्रोतहरूको लागि लचिलो आपूर्ति श्रृंखला निर्माण गर्ने निर्णय गरिएको छ। आज नयाँ दिल्लीमा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले अर्थतन्त्रको वृद्धिमा महत्वपूर्ण खनिजहरूको भूमिकाबारे प्रकाश पार्नुभयो। उहाँका अनुसार यी खनिजहरू ऊर्जा रूपान्तरण, कृषि, रक्षा, इलेक्ट्रोनिक्स, दूरसञ्चार, यातायात, Aerospace, परमाणु क्षेत्र तथा अन्य प्रविधिहरूका लागि अनिवार्य छन्। मन्त्री श्री वैष्णवका अनुसार खनिजको खोज, खनिज ब्लकहरूको प्राप्ति तथा खनिज आयातमा निर्भरता घटाउने उद्देश्यले यो मिसन अघि सारिएको हो। सरकारले उखु feed-stock बाट उत्पादित इथेनॉल खरीद मूल्य स्वीकृत गरेको छ।

## दिल्लीमा ट्यांकर माफियाबाट मुक्ति र हरेक घरमा नलको पानी उपलब्ध गराउने श्री मोदीको प्रतिज्ञा

प्रधानमन्त्री तथा वरिष्ठ भाजपा नेता नरेन्द्र मोदीले भन्नुभयो कि दिल्लीवासीहरू अब यस्तो सरकार चाहन्छन्, जसले गरिबहरूको लागि आवास निर्माण गर्ने, दिल्लीलाई आधुनिक बनाउने, सबै घरमा नलको पानी उपलब्ध गराउने र ट्यांकर माफियाबाट मुक्ति दिलाउने काम गरोस्। आज दिउँसो उत्तर पूर्वी दिल्लीको यमुना खादर क्षेत्रमा आयोजित जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले आम आदमी पार्टी को आलोचना गर्दै भन्नुभयो कि दिल्ली सरकारको

बहाना, भ्रष्टाचार र झूट अब लुकदैन। प्रधानमन्त्री मोदीले आफ्नो ऱ्यालीको दृश्यलाई दिल्लीको जनमतको संकेत भएको बताउँदै भाजपा सत्तामा आएपछि जनतासँग गरिएका वाचा समयमै पूरा गरिने ग्यारेन्टी दिनुभयो ।

<u>प्रयागराज महाकुम्भमा श्रद्धालुहरूलाई नजिकैको घाटमा स्नान गर्न मुख्यमन्त्री श्री योगी आदित्यनाथको अपिल</u>

प्रयागराजमा जारी महाकुम्भमा मौनी अमावस्या अवसरमा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले श्रद्धालुहरूलाई आफ्नै नजिकको गङ्गा घाटमा डुबकी लगाउन अपिल गर्नुभएको छ। संगम नोजमा भएको घटनाबारे प्रतिक्रिया दिँदै उहाँले भन्नुभयो, "हाल करिब आठदेखि दस करोड श्रद्धालु प्रयागराजमा उपस्थित छन्। सबै श्रद्धालु संगम नोजमै स्नान गर्न चाहने भएकाले भीडको अत्यधिक दबाव परेको छ।"

मुख्यमन्त्री श्री योगीले जानकारी गराउँदै भन्नुभयो कि 15 देखि 20 किलोमिटरको दायराभित्र विभिन्न अस्थायी घाट निर्माण गरिएका छन्। उहाँले श्रद्धालुहरूलाई नजिकैको घाटमा गएर स्नान गर्न आग्रह गर्नुभएको छ। साथै, अफवाहहरूमा ध्यान नदिन र सम्यमित रहन अनुरोध गर्दै प्रशासन, श्रद्धालुहरूको सुरक्षित स्नान सुनिश्चित गर्न स्थानीयस्तरमा निरन्तर कार्यत रहेको उहाँले बताउनुभएको छ।

मुख्यमन्त्री श्री योगीले प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले परिस्थितिको जानकारी लिएको बताउनुभयो। यसका साथै उहाले भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डा र उत्तर प्रदेशकी राज्यपाल आनन्दी बेन पटेलले पनि स्थितिको निगरानी गरिरहनुभएको बताउनु भयो ।

मुख्यमन्त्रीले उच्चस्तरीय बैठक जारी रहेको जानकारी गराउँदै बैठकमा मुख्य सचिव तथा पुलिस महानिर्देशक समेत उपस्थित रहेको बताउनु भएको छ। प्रयागराजको स्थिति नियन्त्रणमै भए पनि भीडको दबाब कायम रहेको छ।

<u>दिल्ली चुनाका लागि कांग्रेसको घोषणापत्र सार्वजनिक</u>

कांग्रेस पार्टीले आज दिल्ली विधानसभा चुनावका लागि आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ। पार्टीका वरिष्ठ नेता जयराम रमेश र पवन खेड़ाले दिल्ली इकाईका प्रमुख, देवेंद्र यादवसँग यो घोषणापत्र जारी गरियो। घोषणापत्रमा दिल्लीवासीहरूका लागि पाँचवटा ग्यारेन्टी दिइएको छ।

पार्टीले सत्ता आएपछि जातिगत जनगणना गर्ने र पूर्वाञ्चल क्षेत्रका जनताका लागि विशेष विभाग स्थापना गर्ने प्रतिबद्धता पनि जनाएको छ। जयराम रमेशले भन्नुभयो कि ग्यारेन्टीको

अर्थ जनताको अधिकार हो, र उहाले दिल्लीमा प्रदूषणको समस्यालाई बेवास्ता गरेको आरोप लगाउँदै भाजपा र आप (आम आदमी पार्टी) दुवैलाई कटाक्ष गर्नुभएको छ।

<u>सोरेङ जिल्लामा जैविक माछा</u>

सिक्किमको सोरेङ जिल्लामा जैविक माछा उत्पादन शुरू गरिएको छ। केन्द्रीय पशुपालन तथा माछापालन मन्त्री श्री राजीब रञ्जन सिंहले हालै य ो पहलको शुभारम्भ गर्नुभयो। यो परियोजना अन्तर्गत सोरेङ जिल्लाको दरमदिन प्रखण्ड अन्तर्गत लुङ्याम गाउँलाई प्रदागिक आध ारमा जैविक माछा पालनका लागि अप्नाइएको छ।

यस केन्द्रमा हानीकारक रसायनहरू, एन्टीबायोटिक औषधि र कीटनाशकहरू उपयोग नगरेर पर्यावरणको दृष्टिले स्वस्थ माछा पालन प्रणालीमाथि ध्यान केन्द्रित गरिनेछ । सोरेङका जिल्लाधीश धीरज सुवेदीले भन्नुभयो- यस कार्यमा सफलमा प्राप्त गर्नका लागि जिल्ला प्रशासनले अन्य हितधारकहरूसित मिलेर पर्याप्त जल संचदन प्रणालीमाथि जोड़ दिने योजना बनाइरहेछ ।

<u>उत्तराखण्डमा जारी राष्ट्रिय खेलकुदमा पदक तालिका अनुसार, महाराष्ट्र  कुल 4 पदक सहित पहिलो स्थानमा</u>

उत्तराखण्डमा जारी राष्ट्रिय खेलकुदमा पुरुष व्यक्तिगत triathlon-मा मणिपुरका सरंगबाम अथौबा मेइतेईले स्वर्ण पदक जितेका छन्, भने तेलहेइबा सोरमले रजत पदक प्राप्त गरेका छन्। महाराष्ट्रका पार्थ सचिन मिराजले कांस्य पदक जितेका छन्।

महिला व्यक्तिगत  triathlon-मा महाराष्ट्रकी डॉली देवीदास पाटिलले स्वर्ण पदक जितेकी छन् भने , मानसी विनोद मोहितेले रजत पदक प्राप्त गरिन्। मध्यप्रदेशकी आद्या सिंहले कांस्य पदक जित्न सफल भइन्। पदक तालिका अनुसार, महाराष्ट्र  २ स्वर्णसहित कुल 4 पदक सहित पहिलो स्थानमा छ भने मणिपुर 1 स्वर्ण र 1 रजतसहित दोस्रो स्थानमा रहेको अनि  मध्यप्रदेश: तेस्रो स्थानमा छ।